म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९० सोमबार ८ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 20 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्रजातन्त्रका आधारभूत पक्षहरु**

- संवैधानिक सर्वोच्चता
- विधिको शासन
- बहुलवाद
- शक्तिपृथकीकरण
- प्रतिस्पर्धा
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# रक्सौलबाट धियालहुँदै काठमाडौं रेलमार्ग

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मकवानपुरको भूभागबाट गुड्ने काठमाडौं-रक्सौल रेलमार्ग निर्माणमा भारत र नेपाल सरकारले चासो देखाएका छन् ।

नेपाल भ्रमणमा आएका भारतीय विदेश सचिव विनयमोहन क्वात्रासँग सरकारी प्रतिनिधिहरुको भेटले काठमाडौं-रक्सौल रेलमार्ग निर्माणलाई प्राथमिकतामा साग अगाडि बढाउने सम्बन्धमा सहमति भएको हो । भारतीय दूतावासका अनुसार पनि रेलमार्ग निर्माणमा गति दिइने सहमति भएको हो । दुई देशबीचका प्रतिनिधिहरुको भेटघाटलाई लिएर भारतीय दुतावासबाट जारी विज्ञप्तिमा क्वात्राको भ्रमणको क्रममा प्रस्तावित काठमाडौं-रक्सौल रेल परियोजनालाई अघि बढाउन आवश्यक पर्ने प्रक्रियागत कार्यलाई द्रुत गतिमा अगाडि बढाउने सहमति भएको उल्लेख गरिएको छ । जसकारण मकवानपुरको भूमि हुँदै गुड्ने भनिएको रेलमार्ग निर्माणले गति लिएको हो ।

दुई देशबीचको उच्च प्राथमिकतामा परेर रेलमार्ग निर्माण भएको अवस्थामा मकवानपुरको आर्थिक र सामाजिक विकासले फड्को मार्ने देखिन्छ । प्रस्तावित रेलमार्ग मकवानपुरको रौतहट र बारासँग सीमाना जोडिएको तत्कालीन धियाल गाविस हाल बकैया गाउँपालिकाको धियाल हुँदै सिस्नेरी पुग्ने जनाइएको छ । धियाल र सिस्नेरीको बीचमा शिखरपुरसँग पनि रेलमार्ग जोडिने भएको हो । मकवानपुरबाट रेलमार्ग मात्र नभई निजगढ-काठमाडौं फाष्ट ट्र्याक पनि निमार्णधीन छ । रेलमार्ग र फाष्ट ट्र्याक निर्माण पश्चात मकवानपुर सडक पूर्वाधारले सम्पन्नता हासिल गर्ने देखिएको हो ।

उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठसँग भएको भारतीय विदेशसचिव क्वात्राको भेटमा काठमाडौं-रक्सौल रेलका बारेमा दुवै देशले प्राथमिकतामा राख्ने निर्णय भएको जनाइएको छ । सरकारले गत आर्थिक वर्ष २०७८/०७९ को बजेटमा काठमाडौं-रक्सौल रेलमार्ग र काठमाडौं-रसुवागढी रेलमार्गको डीपीआर सम्पन्न गर्ने जनाएको थियो । अहिले काठमाडौं-रक्सौल रेलमार्गको फाइनल




लोकेशन सर्भे (एफएलएस)को काम अन्तिम चरणमा रहेको जनाइएको छ । लोकेशन सर्भेका आधारमा रेलमार्ग मकवानपुरको धियाल-शिखरपुर-सिस्नेरी हुँदै काठमाडौं पुग्ने देखिएको हो ।

रक्सौलबाट आउने क्रममा रेल बाराको जितपुर, निजगढ, मनवानपुरको शिखरपुर, सिस्नेरी हुँदै काठमाडौं आइपुग्नेछ । यसबीचमा कुल १३ वटा रेल स्टेसन रहने छन् । जसमध्ये तीन वटा स्टेशन मकवानपुरमै पर्ने भएको छ । मकवानपुरमा रेलको स्टेशन धियाल, शिखरपुर र सिस्नेरीमा हुने जनाइएको हो । रेल रक्सौल, विरगञ्ज, बगही, पिपरा, डुमरवाना, ककडी, निजगढ, चन्द्रपुर, धियाल, शिखरपुर, सिस्नेरी, साथीखेल र चोभारमा रोकिनेछ । रेलमार्गमा भारतीय प्रकारको ब्रोड गेज प्रयोग गरिने जनाइएको छ । रेलमार्ग निर्माणका क्रममा भौगोलिक बनावट, भौगर्विक जटिलता, भूकम्पीय जोखिम र सञ्चालन असहजताका कारण जटिलता तथा चुनौती आउने अनुमान गरिएको छ ।

लोकेशन सर्भेबाट मकवानपुरको भूभागबाट गुड्ने भनिएको स्थान सबै भौगोलिक रुपमा विकट छन् । धियाल पनि विकट हो । शिखरपुर र सिस्नेरी पनि भौगोलिक रुपमा विकट रहेका छन् । निजगढ-काठमाडौं फाष्ट ट्र्याक पनि मकवानपुर र ललितपुरको सीमानामा पर्ने बागमती दोभान (सिस्नेरी) हुँदै काठमाडौं उपत्यका पुग्नेछ । भारत सरकारको आर्थिक सहयोगमा उक्त अध्ययनको कार्य अघि बढिरहेको रेल विभागका महानिर्देशक रोहितकुमार विसुरालले जानकारी दिए ।

नेपाल र भारतबीच सन् २०२१ को अक्टुबरमा एफएलएस अघि बढाउने सम्बन्धमा सम्झौता भएको थियो । सन् २०१२ मा भारत सरकारसँग दुई देशको सीमा जिल्ला जोड्ने गरी पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो । भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेल निर्माण गर्ने भनिएकोमा एउटा काठमाडौं-रक्सौल र अर्को बथनाहादेखि विराटनगरको रेलमार्गको काम अघि बढेको छ ।

काठमाडौं-रक्सौल रेलमार्ग पीईटी सर्भेले देखाएको विवरण अनुसार निर्माणको लागत नेपाली २ खर्ब ५४ अर्ब नेपाली रुपैयाँ (१ खर्ब ६५ अर्ब ५० करोड ४४ लाख ६० हजार भारु) लाग्नेछ । कुल १ सय ३५ किलोमिटर ८ सय ८६ मिटर लामो रेलमार्गमा ३९ वटा सुरुङ र ४१ वटा महत्वपूर्ण पुल रहने जनाइएको छ । सुरुङको कुल लम्बाई ४१ किलोमिटर ८ सय ७० मिटर रहनेछ । रेलमार्गमा कुल ४० वटा घुम्ती रहनेछन् । रेलमार्गको डिजाइन स्पिड १ सय २० किमि प्रतिघण्टा रहेको छ । काठमाडौं-रक्सौल रेलमार्गको पीईटी सर्वेक्षण भएको ४ वर्ष बिते पनि निर्माणको थप प्रक्रिया अघि बढ्न सकेको छैन ।

भारतीय विदेश सचिवको नेपाल भ्रमणपछि रेलमार्ग निर्माणको कामले गति पाउने अनुमान गरिएको छ । भारतको कोंकण रेलवे कर्पोरेसनले एफएलएस गरिरहेको छ भने सम्झौता भएको १८ महिनामा उक्त सर्भे सम्पन्न गर्ने भनिएको छ । निजगढमा बन्ने अन्तर्राष्ट्रिय विमानस्थल हुँदै रेल निर्माण हुने र पूर्व-पश्चिम रेलमार्गसँग निजगढमै क्रस हुने भएकाले यात्रामा सहजता आउने अनुमान गरिएको छ । काठमाडौं-रक्सौल रेलमार्गको अध्ययन प्रक्रिया सन् २०१६ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणपछि अघि बढेको थियो ।

## दुई सय ६४ जनाले गरे नि:शुल्क स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मकवानपुरको मनहरी गाउँपालिका-३, शिद्धकालीमा भएको स्वास्थ्य शिविरमा दुई सय ६४ जनाले नि:शुल्क स्वास्थ्य परीक्षण गराएका छन् ।


लायन्स क्लब अफ हेटौंडाले आयोजना गरेको एक दिने नि:शुल्क बृहत् स्वास्थ्य शिविरमा दुई सय ६४ जनाले निशुल्क स्वास्थ्य परिक्षण गराएका हुन् । शिवरमा मकवानपुरको मनहरी गाउँपालिका-३, शिद्धकाली मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालका डाक्टरहरुले शिविरमा परीक्षण गरेका थिए । शिविरमा एमडीजीपी, स्त्री तथा प्रसुती र नाक, कान तथा घाँटी रोगको जाँच गरी सेवग्राहीहरुलाई औषधीसमेत वितरण गरिएको थियो । कार्यक्रमको सभाध्यक्ष क्लबका अध्यक्ष रमेश गिरी रहेका थिए । शिविरमा प्रमुख अतिथि मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेती, लायन्स क्लबका पीएमजेएफ शुदर्शन अधिकारी, जोन चियर पर्सन राजु नेपाल, स्कुल व्यवस्थपन समितिका अध्यक्ष प्रधानाध्यापक वडाका जनप्रतिनिधि सहभागी थिए । क्लबका प्रथम उपाध्यक्ष हरिवंश भेटुवालले स्वागत मन्तब्य व्यक्त गरेका थिए । क्लब सचिव रामकृष्ण चौलागाईंले संचालन गरेको शिविरको संयोजक क्लबका कोषाध्यक्ष तथा युवा व्यवसायी प्रदिप अर्याल रहेका थिए ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**



साझाकुरा

## हाम्रो कुरा

# सामाजिक न्याय हुनुपर्छ

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले सन् २००८ जुन १० मा निष्पक्ष विश्वव्यापीकरणको परिप्रेक्ष्यमा सामाजिक न्यायको लागि आइएलओ घोषणा सर्वसम्मतिले पारित गऱ्यो । यो अन्तर्राष्ट्रिय श्रम सम्मेलनद्वारा अपनाएको सिद्धान्त र नीतिहरूको तेस्रो प्रमुख सिद्धान्त थियो । सन् १९४४ को फिलाडेल्फिया घोषणा र सन् १९९८ को कार्यमा मौलिक सिद्दान्त र अधिकारसम्बन्धी घोषणापछिको सबैभन्दा महत्वपूर्ण घोषणामध्येको यस घोषणाले विश्वव्यापीकरणको युगमा आइएलओको जनादेशको समकालीन दृष्टिकोण व्यक्त गर्दछ । आइएलओ लगायत अन्य धेरै सामाजिक न्यायमा कार्यरत् संस्था र नागरिक समाजहरूको पैरवीलाई कदर गर्दै २६ नोभेम्बर सन् २००७ मा संयुक्त राष्ट्रसंघको ६३ औं महासभाले हरेक वर्ष फेब्रुअरीको २० तारिखमा सामाजिक न्याय दिवस मनाउने घोषणा गरेको थियो । आज 'अवरोधहरू हटाउँदै सामाजिक न्यायको अवसरहरूको खोजी' भन्ने नाराका साथ सामाजिक न्याय दिवस मनाइँदै छ ।

नेपालमा सामाजिक न्याय र सुरक्षाका लागि ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग, पिछडिएका समुदाय, लोपोन्मुख आदिवासी/जनजाति, बालबालिका आदिका नाममा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको अवस्था छ । उक्त सामाजिक सुरक्षा भत्ता वितरणमा आर्थिक सामाजिक स्तरीकरण नहुँदा जोखिममा परेका समुदाय र सबल समुदायका व्यक्तिले समानरूपमा सो सुविधा उपयोग गरेको अवस्था छ । नेपालको सामाजिक सुरक्षाका कार्यक्रमलाई पुनरावलोकन गरी सामाजिक न्यायमैत्री बनाउनु उपयुक्त हुने देखिन्छ । यसैगरी नेपालको विकास कार्यक्रमहरूले मूलधारमा नभएका जनसमुदाय र भौगोलिक क्षेत्रलाई मूलधारमा ल्याउने गरी समावेशी विकास गरेको अवस्था नदेखिँदा पनि यस विषयमा व्यापक विश्लेषण गरी विकास व्यवस्थापनमा समेत पुनरावलोकन हुनु जरुरी देखिन्छ ।

राज्य व्यवस्थामा सामाजिक न्याय हुन समाजमा रहेका हरेक वर्गका व्यक्तिहरुको सामाजिक हैसियत र जीवनयापन सहज हुनुपर्दछ । कोही कसैको रैती र दासको मानसिकताबाट गुज्रिनु पर्ने अवस्था आउनु हुन्न । कसैले भोको पेट बाँच्नु हुँदैन । व्यवसायीहरुले सहज व्यवसाय गर्न पाउनुपर्दछ । पेशाकर्मीहरुले सहज पेशा अपनाउन सक्नु पर्दछ । किसानहरुले आफ्नो कर्म सहज गर्न पाउनुपर्दछ । कुनैपनि आर्थिक हैसियत नभएकाले राज्यबाट पालनपोषणको सुविधा पाउनुपर्दछ । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुले राज्य छ भन्ने महशुस गर्न पाउनुपर्दछ । यति हुन सक्यो भने 'सामाजिक न्याय' भएको महशुस गर्न सकिन्छ । सामाजिक न्याय कायम गर्न नेपालका तीनै तहका सरकार सफल हुनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन ९ गते मंगलबार २१ फेब्रुअरी २०२३ । प्रतिपदा फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:५८।ग्याल्पो ल्होसार

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **तुला** | : अध्ययनमा प्रगति हुने |
| **वृष** | : अरुको विश्वास जित्न सकिने | **वृश्चिक** | : रोग एवम् चिन्ता बढ्ने |
| **मिथुन** | : चिन्ता बढ्ने | **धनु** | : व्यवसायबाट लाभ पाइने |
| **कर्कट** | : मान मर्यादामा वृद्धि | **मकर** | : जिम्मेवारी पूरा गर्न सकिने |
| **सिंह** | : लेनदेनको विवाद बढ्ने | **कुम्भ** | : गलत विचार बढ्ने |
| **कन्या** | : स्वास्थ्यमा सुधार हुने | **मीन** | : काममा अवरोध आउने |

# बदलिएका ५ यथार्थ जसले राजनीतिमा नयाँ मोडको संकेत गर्छ



✍ डम्बर खतिवडा

भनिन्छ- कुनै खास परिघटना वा प्रवृत्तिको विकास हुन आत्मगत प्रयत्न मात्र पर्याप्त हुँदैनन्, निश्चित वस्तुगत आधार चाहिन्छ । वस्तुगत आधार तयार नहुँदै छिटो वा हतारोमा गरिएका प्रयत्न असफल हुने सम्भावना धेरै हुन्छ ।तर, वस्तुगत आधार कुनै 'निरपेक्ष परमभाव' भने हैन । यान्त्रिक भौतिकवादी दृष्टिकोणमा वस्तुगत आधार सर्वथा निर्णायक हुन्छ र आत्मगत प्रयत्न त्यसको उपरीसंरचना मात्रै तर सर्वाङ्गिकतावादी सोचमा वस्तुगत आधार तथा आत्मगत प्रयत्नबीच दोहोरो अन्तरसम्बन्ध हुन्छ ।

जसरी वस्तुगत आधारले आत्मगत उपरीसंरचनाको सृजना गर्दछ, त्यसैगरी आत्मगत आधेयले वस्तुगत आधारको समेत विस्तार र सबलीकरण गरिरहेको हुन्छ । कुनै घटना भइरहेको छ भने त्यसका खास कारण मात्र हुँदैनन्, घटना घटित हुने परिवेश, पात्र र प्रयत्न पनि सँगसँगै हुन्छ । नेपालमा नयाँ राजनीतिक प्रयत्न र दलहरूको मात्रा र आकार किन निरन्तर बढ्दो र विस्तारित हुँदैछ भन्ने कुरालाई यी दुवै दृष्टिकोणबाट बुझ्न सकिन्छ । २०७० को दशक अघि यही चिज असम्भव जस्तो मानिन्थ्यो । पुराना कांग्रेस, कम्युनिष्ट र राजावादी धारभन्दा बाहिर 'मधेशवादी' आन्दोलन र दलहरूको एक भिन्नै स्पेस थियो, तर त्यो क्षेत्रीय आधारमा थियो, राष्ट्रिय चरित्र वा आकार लिन सकेको थिएन ।

त्यसो त केलाई 'क्षेत्रीय' र कत्रोलाई 'राष्ट्रिय' चरित्रको भन्ने/मान्ने त्यो आफैंमा पेचिलो बहसको विषय हो । मधेश-केन्द्रित दल र आन्दोलनले निर्माण गरेका भाष्य र चलाएका आन्दोलनको परिणामले देशमा 'संघीयता, समावेशिता र समानुपातिक निर्वाचन प्रणाली'लाई स्थापित गरेको यथार्थ कसैले बिर्सन सक्दैन । आन्दोलनको चरित्र क्षेत्रीय भए पनि परिणाम र योगदानका दृष्टिकोणले त्यो राष्ट्रिय नै थियो । सबै क्षेत्रीयताहरू प्रकारान्तले राष्ट्रिय हुन्, त्यसको कुनै एक वा स्थापित मानिँदै आएको केन्द्र हुन जरूरी छैन ।

'कांग्रेस, कम्युनिष्ट र राजावादी' लाई एउटै डालोमा राखेर 'पुराना' भनिनु कति युक्तिसंगत हो भन्ने प्रश्न यहाँनिर उठ्न सक्दछ । मूलत: 'कांग्रेस-कम्युनिष्ट' र 'राजावादी' बीच भारी भिन्नता छ । एक शताब्दी लामो राजनीतिक वैपरित्य र संघर्षका तत्वहरू यिनै थिए । 'राजावाद' निरंकुशता, वंशवाद र दैवी शक्तिको सिद्धान्तमा आधारित रुढीवादी राजनीतिक शक्ति थियो । 'कांग्रेस-कम्युनिष्ट' ले त्यसको वैपरित्यमा स्वतन्त्रता, समानता, सामाजिक सम्झौता र लोकतन्त्रको भाष्य निर्माण गरेका थिए ।

स्वयं 'कांग्रेस' र 'कम्युनिष्ट' आफैंमा फरक-फरक धार थिए । कांग्रेसले 'संसदीय लोकतन्त्र र संवैधानिक राजतन्त्र' को चारकिल्ला ठोकेको थियो । यसभित्र तीन प्रकारका धारणा- 'रुढीवाद, उदारवाद र समाजवाद' को अनौठो सम्मिश्रण थियो । कम्युनिष्टहरूले कांग्रेसलाई सजिलै 'बुर्जुवा, पूँजीवादी र संसदवादी' भनिदिन्थे । हिजो जति चर्को त हैन, तर मधुरो स्वरमा आज पनि भनिरहेकै छन् । त्यसो त कांग्रेसले कम्युनिष्टहरूलाई 'सर्वहारा अधिनायकवादी', 'नयाँ प्रकारका निरंकुशतावादी' वा 'एकदलीय प्रणाली' का पक्षधरका रूपमा चित्रण गर्नुमा कुनै अनर्थ थिएन । साम्यवादको तत्कालीन विश्व यथार्थ त्यही थियो, जो आज कम्युनिष्टहरू आफैं स्मरण गर्न लजाउँछन् । साम्यवाद समकालीन विश्वमा एक यस्तो असंगत र विरोधाभासपूर्ण विचारधारा हो, जसले न आफ्नो वैचारिक मौलिकता र ऐतिहासिक विरासतमा गौरव गर्न सक्दछ न त्यसलाई आलोचनात्मक संश्लेषण गर्न सक्दछ न चटक्कै छोडेर उन्मुक्ति हासिल गर्न नै सक्दछ ।

यी फरक-फरक पृष्ठभूमि, वैचारिकी र ऐतिहासिकताका बाबजुद तीनवटै शक्तिलाई 'पुराना' को साझा डालोभित्र हाल्न सकिने कारण भने उत्तिकै बलियो छ । त्यो हो- समाजमा शताब्दी लामो राजनीतिक वर्चश्व, उनीहरूका वैचारिकी र अभ्यासका सबलता र सीमाहरूको प्रकटीकरण, शासनसत्ता चलाइसकेका वा देशको नेतृत्व गर्ने अवसर पाइसकेका, के कस्तो कार्यसम्पादन क्षमता छ र कस्तोसम्म परिणाम दिन सक्दछ वा सक्दैनन् भन्ने परीक्षण भइसकेका शक्तिका रूपमा यी साझा डालोमा आउँछन् । यहाँ आइपुग्दा 'नयाँ भनेको ठीक त्यही 'पुराना' भनिएकाहरूको गुण नभएका, नभइसकेकाहरू हुन् ।

२०४६ पछि डा. देवेन्द्रराज पाण्डेले 'लोक दल' खोलेर त्यसको प्रारम्भ गरेका थिए । तथापि त्यो सफल भएन । त्यसको कारण कुनै एक हैन, वस्तुगत र आत्मगत दुवै थियो । वस्तुगत के थियो भने कांग्रेस र कम्युनिष्टले निरंकुश राजतन्त्र र निर्दलीय पञ्चायतविरुद्ध लोकतान्त्रिक संघर्षको नेतृत्व गरेर आएका थिए । त्यतिखेरको यथार्थमा ती आफैं 'नयाँ' थिए । नयाँ र पुरानाको भेद गर्न जति सहज हुन्छ नयाँ र अझ नयाँको भेद गर्न त्यति सजिलो हुँदैन । आत्मगत हिसाबले पनि त्यो त्यति धेरै बलियो प्रयत्न थिएन । किनकि त्यसको नेतृत्व र समूहले दीर्घकालीन सोच र रणनीति अन्तर्गत आफूलाई प्रतिबद्ध र समर्पित गरिसकेको थिएन । घडेरी नै नभएको ठाउँमा घर बनाउन खोजेजस्तो वा शाकाहारीको देशमा मासुपसल खोलेजस्तो प्रयत्न थियो त्यो । शाकाहारीको देशमा मासु पसल नै खोल्ने हो भने पनि सुरुका केही वर्ष 'विज्ञापन' हैन, 'पब्लिसिटी' चाहिन्छ ।

झण्डै उस्तै लाग्ने यी दुई शब्द बीच बजारशास्त्रमा ठूलो भिन्नता हुन्छ । 'विज्ञापन' को अर्थ संभाव्य उपभोक्ता बीच वस्तु तथा सेवाको सूचना दिनु हो । 'पब्लिसिटी' को अर्थ संभाव्य उपभोक्ताको सृजना र संख्या विस्तार गर्नु हो । बजारशास्त्रमा जस्तै राजनीतिशास्त्रमा पनि यो भिन्नताले ठूलो अर्थ राख्दछ ।

२०४६-२०६६ को बीचमा असंभव झैं मानिएको यो कुरा त्यसपछिका दिनमा एक भिन्नै राजनीतिक स्पेस बन्न पुग्यो । किन त ? यसका प्रष्ट आधार छन् । र यी सबै, एक से एक वस्तुगत कारण हुन् । हिजो वस्तुगत कारण थिएन । तर, आज बरु आत्मगत अवस्था अझै परिपक्व छैन तर, वस्तुगत कारण भने झन् प्रखर हुँदै गएका छन् । ती कारण वा आधार लाई निम्न पाँच बुँदामा भन्न सकिन्छ ।

१. नयाँ मतदाताको बढ्दो अनुपातनयाँ मतदाता त हिजो पनि थिए, तर २०४६-२०५६ बीचका युवा मतदाता सामान्यत: अखिल र नेविसंघमार्फत शास्त्रीय दलहरूको सम्पर्क र स्कुलिङमा थिए । पछिल्लो समय त्यसरी दलीयकरण नभएको वा हुन नचाहने नयाँ लचिला मतदाताको संख्या र अनुपात निरन्तर विस्तार हुँदैछ । भनिन्छ- गत वैशाखको स्थानीय चुनावयता त्यस्ता मतदाता करिब २७ लाख थिए । २०८४ को चुनावसम्म थप २५ लाख थपिने छन् । आउँदो चुनावसम्म यस्ता मतदाताको संख्या ६०-७० लाख हुनेछ, जो कुल मतदाताको उल्लेखनीय अनुपात हो । यी मतदाताको सोच, स्कुलिङ, सम्पर्क सञ्जाल, जीवनशैली र अपेक्षा हिजोका मतदाताका भन्दा बिल्कुलै फरक छन् । यिनले शास्त्रीय सिद्धान्तमा कम र 'डेलिभरी बेस' मा राजनीति, राज्य, दल र नेताहरूको मूल्यांकन गर्दछन् । यसले गर्दा "स्वीङ मतदाता" संख्या वृद्धि हुन्छ, जो लोकतन्त्रको सौन्दर्य हो । लोकतन्त्रमा कम्तीमा ४० प्रतिशत मतदाता स्वीङ मूडमा हुनुपर्दछ अन्यथा निर्वाचनले कुनै नयाँ परिणाम दिँदैन, पुरानै परिणामलाई पुनरावृत्ति मात्र गरिरहन्छ ।

२. डिजिटल स्पेसको उपलब्धता भनिन्छ- फेसबुक प्रयोगकर्ताको संख्या मात्रै देशमा १ करोड ४० लाख बढी भइसक्यो । अन्य डिजिटल माध्यम र सामाजिक संजालको प्रयोग उत्तिकै व्यापक हुँदैछ । यसको नकारात्मक पाटो पनि छ कि यसले मान्छेलाई सतही, उडन्ते र पपुलिष्ट बनाउँदै लगेको छ । हिजो मान्छे कुनै खास विषयमा धारणा बनाउनु अघि त्यसबारे दुई चार वटा किताब पढ्थे । विस्तारै किताब वा आधिकारिक जर्नलहरूको साटो पत्र-पत्रिकाका समाचार र लेख पढेर धारणा बनाउन थालियो । आज मान्छे दुईचार वाक्य वा अनुच्छेदका ट्वीट वा स्टाटस पढेर धारणा बनाउने भएका छन् । यसबाट ज्ञान-विज्ञानको साङ्गोपाङ्गो पक्ष बुझ्न र सही धारणा बनाउन सम्भव हुँदैन । यो जोखिमलाई अवज्ञा गर्न मिल्दैन ।

तर, हिजो जस्तो आन्दोलन, क्रान्ति, संगठन, सञ्जाल र आधिकारिक मुखपत्रबाट मात्रै राजनीतिक दलका कुरा, आग्रह र अपिल जनता वा मतदातासँग पुग्ने अवस्था अब रहेन । न त प्रचार संयन्त्रहरू कसैले प्रयोग गर्न नसक्ने गरी महँगा र पहुँचबाहिर नै रहे । त्यसो त यो स्पेस नयाँ र पुराना दुवै खाले दलका लागि उपलब्ध छ तर, फाइदा भने पुरानालाई भन्दा बढी नयाँलाई हुन्छ । किनकि पुरानाबारे समाजमा एक पूर्वधारणा क्रियाशील वा स्थापित हुन्छ, जसलाई दोहोऱ्याउने मात्रै हो, नयाँ अपिल गर्ने हैन ।

३. शहरिया मध्यम वर्गको विस्तार 'शहरिया मध्यम वर्ग' परम्परागत वर्गसंरचना, वर्गविश्लेषण र वर्गसंघर्षको सिद्धान्तभित्र नपर्ने, नअटाउने वर्ग हो । विशेषत: कम्युनिष्ट सिद्धान्तले यो वर्गलाई हिजो ढुलमुले, अवसरवादी र पेटी बुर्जुवा वर्गका रूपमा निन्दा र भर्त्सना गर्दथ्यो । समाजको "डाइकोटोमी" सर्वहारा र बुर्जुवा वर्गबीच हुन्छ, मध्यम वर्ग भनेको अवसरवादी तप्का जस्तो हो भन्ने धारणा प्रबल थियो ।

मध्यम वर्गमा 'शहरिया' जोडिंदा त्यसको चरित्र झनै फरक हुन्छ । शहरिया शब्दले ग्रामीणभन्दा फरक कम पराश्रति, स्वावलम्बी वा परम्परागत सञ्जालीय प्रभावभन्दा लचिलो सामाजिक सम्बन्धमा बस्न र बाँच्न रुचाउने चरित्रलाई बुझाउँछ । यस्तो वर्गको स्वनिर्णय क्षमता तुलनात्मक रूपमा सबैभन्दा धेरै हुन्छ । रोचक कुरा के हो भने यो वर्ग अब अल्पसंख्यक वर्ग हैन, बहुमत र निर्णायक वर्ग हो । संसारभरिकै वर्गसंरचनामा शहरिया मध्यम वर्गको अनुपात निरन्तर विस्तार हुँदैछ । कतिपय देशमा त ९० प्रतिशतसम्म पुगेको छ । नेपालमा पनि हुने यही हो, हुँदैछ पनि । शहरिया मध्यम वर्गको विकास कसरी हुँदैछ, यो अवसरवादी छ कि नैतिक, राज्यदोहन र बिचौलियाबाट विकास हुँदैछ कि उद्यमशीलताबाट, त्यो भिन्नै बहसको कुरा हो । तर, शहरिया मध्यम वर्गको विकास हुँदैछ, यो महत्वपूर्ण हो । यो वर्गले 'सर्वहारा' वा 'बुर्जुवा' 'इन्डक्ट्रिनेसन' अस्वीकार गर्दछ ।

४.भूमण्डलीकृत नागरिक नेपाली अब साँघुरो, संकीर्ण र स्थानीय राष्ट्रवादको सीमाभित्र चाहेर पनि बस्न र बाँच्न सक्दैनन् । जुन देशको आधाभन्दा बढी जनसंख्या विदेशमा छ वा कुनै न कुनै रूपमा विदेशमा रहेकाप्रति आश्रति वा निर्भर छ भने त्यहाँ 'ग्लोबल सिटिजन' को भावना बलियो हुँदै जान्छ । राजनीति र अर्थनीतिका मुद्दा नै फरक हुँदै जान्छन् । जस्तो कि अहिले- विदेशमा बस्नेको मताधिकार, दोहोरो नागरिकता, विप्रेषण माध्यमको सहजता, डायस्पोराहरूको नेपालमा हुने लगानी सुरक्षा, पासपोर्टको विश्व स्वीकार्यता वा अस्वीकार्यता जस्ता सवाल राजनीतिका प्रमुख मुद्दा जस्तो बन्न थालेका छन् । 'ग्लोबल सिटिजन' हरूको जीवन अनुभव र वैचारिकी शास्त्रीय दलहरूको अनुकूल हुँदैन । विभिन्न देश घुम्दा, पुग्दा देखेको विकास र भौतिक पूर्वाधारको तुलना उनीहरूले आफ्नो देशसँग गर्दछन् । हिजो यस्तो संख्या सानो थियो, अब निकै ठूलो भयो । विदेशमा बस्नेले भोट हाल्न नपाएको कारण देशमा मतदानको दर संकुचन हुँदैछ भने रेमिटेन्स र निर्भरताको कारणले उनीहरूले देशमा रहेका आफन्तको भोट प्रभावित गर्न सक्ने भएका छन् ।

५. उत्तरआधुनिक सोच र जीवनशैलीकति राम्रो वा नराम्रो हो, त्यसको भिन्नै विश्लेषण हुनसक्ला तर 'आधुनिकता' को साटो 'उत्तरआधुनिकता' र 'एक आयामिक सत्य' को साटो 'बहुआयामिक सत्योत्तरता' आजको यथार्थ हो । यो कुरा अब सिद्धान्तमा मात्रै हैन, मान्छेको जीवनशैलीमै अनुवाद भइसक्यो । मान्छे अब कसैका अर्ति, उपदेश र स्कुलिङमा सीमित हुन चाहँदैन । कुनै सैद्धान्तिक आग्रहलाई जीवनभरि बोकेर मस्तिष्कलाई भारी, जीवनशैलीलाई एकांगी, सम्बन्धहरूलाई बोझिलो र जीवनसारलाई बेकामे बनाउन चाहँदैन । मान्छेको जीवनमा त्यही सत्य हो, जो उसले सामना गर्नु, भोग्नु पर्दछ । त्यही विकल्प ठीक हो, जुन तुलनात्मक रूपमा संभव, उपलब्ध र पहुँचयोग्य छ । सुदूर भविष्यका सैद्धान्तिक सपनाबाट मान्छे अब प्रेरित हुन चाहँदैन । मान्छेलाई आज प्रकृति, विज्ञान, प्रविधि र मानवतासम्मत जीवनको दरकार छ, सिद्धान्तसम्मत जीवनको हैन । मान्छेका पुराना आस्था र विश्वासका केन्द्रहरू, महाआख्यान र महासंकथनहरू भंग हुँदैछन् । 'केन्द्रभंग' केवल साहित्यिक तथा कलापूर्ण सैद्धान्तिकीकरण हैन, यो राजनीतिक तथा व्यक्तिगत जीवनकै यथार्थ हो, दैनन्दिनी यथार्थ ।

'स्वाभिमान' र 'समृद्धि' को दोहोरो आकांक्षाबीच मान्छे कुनै एउटालाई केन्द्र मान्न तयार छैन । मान्छेले 'सबैको र सबैका लागि स्वाभिमान' रोजेको छ, 'सबैको र सबैका लागि समृद्धि' खोजेको छ । आकांक्षाको यो नयाँ स्तरले मान्छेको सोचको परिदृश्य र राजनीतिको रंगावलीलाई नै फरक बनाउँछ । हिजोको जस्तो 'वामपन्थी' वा 'दक्षिणपन्थी' दुईकोठे विभाजन र रंगावलीमा अब कसैले विश्वास गर्दैन । गर्न आवश्यक पनि छैन । राजनीतिक रंगावली अब 'दुईकोठे' बाट 'चारकोठे' भइसकेको छ । 'वाम' 'दक्षिण', 'अग्र' र 'पश्च' फरक-फरक राजनीतिक प्रवृत्तिका रूपमा हुर्किरहेका छन् । यिनीहरू बीच निश्चय नै खासखास प्रतिच्छेदन (इन्टरसेक्सन) र साझा चरित्र (ओभरल्याप)हरू छन्, तर ती आफैंमा फरक र मौलिक पनि हुन् ।यी र यस्ता धेरै कारण छन् जसले विश्वकै र नेपालको पनि राजनीतिक सोच र अभ्यासमा व्यापक नयाँ मोडको संकेत गर्दछन् ।

*साभार: अनलाइनखबर*

# देशको राष्ट्रपति नखोज्ने ?



गोविन्द अधिकारी

राष्ट्रपतिको निर्वाचन नजिकिएसँगै राजनीतिक दलका नेताहरूको चुरीफुरी र धाकधम्कु पनि बढ्दै गएको छ । विशेषगरी नेपाली कांग्रेस र नेकपा (एमाले)का नेताहरू निकै जुर्मुराएका देखिन्छन् । उनीहरू दाबी गरि रहेका छन् - नयाँ राष्ट्रपति नेपाली कांग्रेसकै हुन्छन् वा नयाँ राष्ट्रपति एमालेकै हुन्छन् शङ्के गर्नुपर्दैन । नेकपा (माओवादी केन्द्र)का नेताहरू र विशेषगरी प्रधानमन्त्री पुष्पकमल दाहाल भने 'राष्ट्रिय सहमतिको राष्ट्रपति' हुनुपर्ने भन्दैछन् । किन्तु, माओवादीले भन्ने गरेको 'सहमतिको राष्ट्रपति' पनि दलगत राजनीतिक लाभको रणनीतिमात्र भएको पुष्टि भइसकेको छ । अरू दलले राष्ट्रपतिका सम्बन्धमा खासै केही बोलेका छैनन् । उनीहरू पनि के कम होलान् ? आफ्नो मत 'कति महँगोमा बेच्ने' भन्ने रणनीति बनाउनैमा व्यस्त छन् कि !

सबै आआफ्नै दुनो सोझ्याउन लागेका छन् । सबैलाई आफ्नै राष्ट्रपति चाहिएको छ । दुर्भाग्य, 'देशको राष्ट्रपति' राजनीतिक दलका नेता कसैलाई चाहिएको रहेनछ । देशले पार्टीका नेता राष्ट्रपति दुई जना भोगिसकेको छ । उनीहरू सबैको साझा हुन र जनताको सम्मान आर्जन गर्न सफल भएनन् । यथार्थमा तिनले त्यस्तो प्रयासै गरेको देखिएन । नेपाली जनताको मन छुने केही गर्नै खोजेनन् । अर्कातिर, आफ्नो पुरानो पार्टीका पक्षमा दलगत राजनीति गर्न पनि छाडेनन् । संविधानको भावनामात्र होइन अक्षर पनि मिच्न हिच्किचाएनन् । गणतन्त्रका वैरीहरूलाई हौस्याउन यथार्थमा सरकार चलाउनेहरू जत्तिकै दोषी राष्ट्रपति हुनेहरू पनि छन् । राष्ट्रपतिहरूले राजसी ठाँटबाँठमात्रै नअपनाएको भए पनि सामान्य जनतामा यति वितृष्णा जाग्ने थिएन । अझ बहालवाला र ाष्ट्रपति विद्यादेवी भण्डारी त दलगतभन्दा पनि साँगुरो गुटगत स्वार्थमा लागिन् । यसैले दलका नेतालाई राष्ट्रपति बनाउन नहुने रहेछ भन्ने पुष्टि भएको छ ।

दलका नेता राष्ट्रपति हुँदा कति अप्ठेरो पर्दोरहेछ भन्ने सबैभन्दा बढी अनुभव त अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहालले नै गरेका छन् । कटुवाल काण्ड त दाहालको मूर्खतापूर्ण दुस्साहस थियो तर संसद् विघटनयताका घटनामा राष्ट्रपतिले जानजान संविधान उल्ङ्घन गरिन् र एमाले अध्यक्ष खड्गप्रसाद ओलीको इसारामा चलिन् । संविधानको 'पालन र संरक्षण' गर्ने संवैधानिक दायित्वको उपहास गरिन् । अर्थात्, अब पनि दलकै नेता राष्ट्रपति बनाउनु प्रधानमन्त्री दाहालका लागि मात्र होइन गणतन्त्रका पक्षधर सबैका लागि आत्मघाती मूर्खता सिद्ध हुनेछ ।

प्रधानमन्त्री दाहालले हिजोआज 'राष्ट्रिय सहमतिको राष्ट्रपति' भनेर शासन प्रणालीकै ओज बढाउने व्यक्तित्व राष्ट्रपति बनुन् भन्ने चाहेका हुन् भने त्यो उत्तम विचार हो । त्यसका लागि उनले पनि रणनीतिक फाइदा नखोजी राष्ट्रको दीर्घकालीन हितमा मात्र ध्यान दिनुपर्छ । नयाँ राष्ट्रपतिले जनताको सम्मान पाउन सके अन्तत: त्यसको श्रेय प्रधानमन्त्री दाहालले नै धेर पाउँछन् । इतिहास बनाउने हो भने दाहालले एकपटक फेरि मौका पाएका छन् ।

प्रधानमन्त्री दाहालका सामु अहिले दुर्योधनको नियति स्वीकार गर्ने कि युधिष्ठिरको निस्पृहता अपनाउने हो भनेर रोज्ने बेला आएको छ । एमाले अध्यक्ष ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा दुवैले मौका पाएर पनि सदुपयोग गर्न सकेनन् । उनीहरू दुवै दलगत र त्यसमा पनि गुटगत स्वार्थभन्दा माथि उठ्नसक्ने देखिएन । युधिष्ठिर स्वर्ग जाँदा सँगै गएका भाइहरू र पत्नी छोडिँदा पनि पछाडि नै नहेरी अगाडि बढेको कथा महाभारतको अन्त्यतिर वर्णित छ । कथाअनुसार उनले देखाएको निस्पृहताले गर्दा नै उनस सशरीर स्वर्ग पुग्न सके । ` चाहे अहिले ओली वा देउवाको धम्की र घुर्कीको बेवास्ता गरेर राष्ट्रिय जीवनका सम्मानित व्यक्तित्वहरूलाई प्रस्ताव गर्नसक्छन् । त्यतिले मात्र पनि उनको ओज बढ्नेछ ।

होइन सत्ता नै सबैथोक हो भनेर ओली वा देउवाका कठपुतलीलाई राष्ट्रपति बनाउन खोज्ने हो भने उनको पद केही दिन थामिएला तर तिनले के गर्छन् भन्ने त देखिसकिएको छ । दुर्योधनले शान्ति प्रस्ताव लिएर गएका कृष्णलाई दिएको उत्तर जसरी 'धर्म के हो थाहा त छ र पाप पनि थाहा छ । तर, न धर्ममा मन लाग्छ न पापबाट भाग्न नै सक्छु । नियतिले जताजता लैजान्छ उतै उतै जान्छु' भन्ने हो भने दाहालको नियति पनि दुर्योधनको भन्दा फरक हुनेछैन । नेपाली समाजमा आफैंले सम्मान आर्जेका स्वनामधन्य महानुभावहरूको कमी छैन । उनीहरूलाई राष्ट्रपति बनाउन सके पदकै गरिमा बढ्छ ।

केदारभक्त माथेमा, डा. देवेन्द्रराज पाण्डे मैले अहिले सम्झेका नाम हुन् । लामो सार्वजनिक जीवनमा निष्कलङ्क रहेका यिनीहरू पदका लोभी छैनन् । यसैले पहिले प्रधानमन्त्री दाहालले उनीहरूसँग विमर्श गरून् । माने भने (देशका लागि उनीहरू मान्न पनि पर्छ !) अरू दलका नेताहरूसँग विमर्श गर्दै सहमति कायम गराउनुपर्छ । हेरौं, प्रधानमन्त्री दाहालले युधिष्ठिरको बाटो लिनेछन् कि दुर्योधनको ?

*साभार बाह्रखरी*

नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति बैठक :

# ‘प्रसारण सञ्जाल विस्तार र विद्युत् व्यापारमा भारतसँगको ऊर्जा वार्ता कोसेढुंगा’



काठमाडौं/अन्तर सरकारी सम्झौताका आधारमा नेपालबाट दीर्घकालीन रुपमा विद्युत किन्न भारत सकारात्मक भएको छ । पटके सम्झौताले झन्झट सिर्जना गरेपछि अन्तर सरकारी स्तरमै सम्झौता गरेर लामो समयसम्म बिजुली किन्न नेपालले गरेको प्रस्तावमा भारत सकारात्मक देखिएको हो ।

नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौं बैठकमा दुई मुलुकबीचको विद्युत प्रसारण लाइन विस्तार र व्यापार प्रवर्द्धनमा महत्वपूर्ण निर्णयहरु भएका छन् । बैठकमा भारतले अन्तर सरकारी सम्झौताका लागि नेपालबाट प्रस्ताव प्राप्त गरेपछि जाँच गरी आवश्यक निर्णय लिने जानकारी गराएको छ ।

नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे र भारत सरकारको विद्युत मन्त्रालयका सचिव आलोक कुमारको सहअध्यक्षतामा शनिबार भारतको राजस्थानस्थित माउन्ट आबुमा सम्पन्न बैठकले अन्तरदेशीय विद्युत व्यापारका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई अगाडि बढाउने निर्णय गरेको छ ।

बैठकमा शुक्रबार सम्पन्न दुई देशबीचका सहसचिवस्तरीय संयुक्त कार्यदलले ऊर्जा गरेको सिफारि समाथि छलफल भएको थियो । विद्युत् उत्पादन, प्रसारण र व्यापारका लागि संयुक्त निर्देशक समितिको बैठक ‘कोशेढुंगा’ भएको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

बैठकमा सहभागी कार्यकारी निर्देशक घिसिङले नेपालले भारतको प्रसारण ग्रिडको प्रयोग गरी बंगलादेश विद्युत निर्यातका लागि राखेको प्रस्तावलाई भारतले सकारात्मक रुपमा लिदै निर्यात गरिने जलविद्युत आयोजनाको नाम पठाएपछि आवश्यक सहमति दिने निर्णय भएको उल्लेख गरे ।

‘बंगलादेश विद्युत् निर्यात गर्ने आयोजनाको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत प्राधिकरण समक्ष बढाउने र प्राधिकरणले आवश्यक परीक्षण गरी भारत सरकाले जारी गरेको विद्युत आयात/निर्यात (क्रस बोर्डर) निर्देशिकाको परिधिभित्र रहेर सहमति दिने निर्णय भएको छ’, कार्यकारी निर्देशक घिसिङले भने ।

इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्न अहिले नेपालले एक वर्षको स्वीकृति पाउँदै आएकोमा यसलाई एक वर्षभन्दा बढाउन प्रस्ताव गरेको उनले बताए । यसलाई जाँच गरी पुनरावलोकन गर्ने र अन्य थप आयोजनाहरुको विद्युत निर्यातका लागि नेपालले पेश गरेका प्रस्तावहरुलाई प्रक्रिया पुन्याएर स्वीकृति दिने सहमति भएको उनले बताए ।

‘रियल टाइम मार्केटमा सहभागी हुन गरिएको प्रस्ताव परीक्षणको क्रममा रहेको भारतीय पक्षले जानकारी गराएको छ,’ घिसिङले भने ।

बैठकले टनकपुरबाट नेपालले विद्युत आयात मात्र गर्दै आएकोमा अब निर्यात पनि गर्न पाउने निर्णय गरेको छ । बैठकले टनकपुर (महेन्द्रनगर १३२ केभी सिंगल सर्किट प्रसारण लाइनबाट अप्रिलबाट जुनसम्म ७० मेगावाट र जुलाइबाट मार्चसम्म ८० मेगावाट विद्युत दुवैतर्फ प्रवाह गर्न सहमति दिएको छ ।

‘यसबाट सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरुमास्थित जलविद्युत आयोजनाको विद्युत वर्षाको समयमा भारतको केन्द्रीय प्रसारण प्रणालीमा निर्यातका लागि बाटो खुलेको छ, कार्यकारी निर्देशक घिसिङले भने,‘साथै हाल रहेको प्रसारण लाइनको क्षमता विस्तार गर्ने या २०० केभीको नयाँ प्रसारण लाइन निर्माण गर्ने भन्ने बारे सम्भावित विकल्पहरु खोज्न संयुक्त प्राविधिक समूहलाई निर्देशक दिएको छ ।’

नेपालले १३२ केभी तथा त्यसभन्दा कम क्षमताका प्रसारण लाइनमार्फत भारतीय बजारमा विद्युत् निर्यातका लागि राखेको प्रस्तावमा भारतले प्रस्ताव अन्तरराज्य प्रणाली कारोबारको भएको र प्रसारण शुल्क, चुहावटआदि विषय रहेकोले केन्द्रीय विद्युत प्राधिकरणले भारतका निकायहरुसँगको समन्वयमा टुङ्गो लगाउने निर्णय भएको छ ।

नेपाल र भारतबीच विद्युत् आयात निर्यातका लागि इनरुवा पूर्णिया र नयाँ लम्की (दोदोधारा) र बरेली ४०० केभी प्रसारण लाइन क्रमश : सन् २०२७ २८ र २०२८ र २९सम्ममा सम्पन्न गर्ने गरी कार्यान्वयमा लैजाने निर्णय भएको छ ।

नेपालले उक्त प्रसारण लाइनहरु नयाँ बुटवल-गोरखपुर प्रसारण लाइनको लगानी मोडालिटीमै बनाउने प्रस्ताव गरेको थियो । लगानी लगानी मोडालिटीलाई चाँडै टुग्याउने सहमति भएको छ । यी दुई प्रसारण लाइन निर्माण भएपछि दुई मुलुकबीचको विद्युत आयात निर्यातका लागि ४०० केभी क्षमताका पाँच वटा प्रसारण लाइनहरु हुन छन् ।

नयाँ बुटवल-गोरखपुर लाइन कार्यान्वयन तथा प्रसारण सेवा सम्झौता छिट्टै सम्पन्न गर्ने र लाइन मार्च २०२५सम्ममा निर्माण सम्पन्न गर्ने निर्णय भएकोछ । हाल सञ्चालनमा रहेको ढल्केबर मुजफ्फरपुर ४०० केभी पहिलो अन्तरदेशीय प्रसारण लाइनबाट आयात निर्यात भइरहेको विद्युत क्षमतालाई ६०० मेगावाटबाट बढाएर ८०० मेगावाट पुऱ्याउने निर्णय भएको छ ।

बैठकले संखुवासभामा भारतीय सरकारको स्वामित्वको सतलज जलविद्युत निगमले निर्माण गरिरहेको अरुण तेस्रो जलविद्युत आयोजनाको निर्माणाधीन ढल्केबर सीतामढी (भारत) ४०० केभी प्रसारण लाइनबाट समेत विद्युत आदान-प्रदान गर्न अध्ययनको लागि संयुक्त प्राविधिक टोलीलाई निर्देशन दिएको छ ।

‘उक्त प्रसारण लाइनको क्षमता करिब २ हजार मेगावाट हो, अरुण तेस्रोका विद्युत प्रवाह भएपछि जगेडामा रहने करिब एक हजार एक सय मेगावाटको क्षमता प्रयोग गर्न प्राविधिक पक्ष अध्ययन गर्ने निर्णय भएको छ, सतलजले नै निर्माण गर्ने तल्लो अरुण निर्माण हुन केही समय लाग्छ, त्यतिवेलासम्म उक्त लाइन हामीले प्रयोग गर्न पाउनु सकारात्मक हो,’ कार्यकारी निर्देशक घिसिङले भने ।

भारतीय पक्षले अरुण तेस्रोको प्रसारण लाइन निर्माणमा भोजपुर, खोटाङ, उदयपुरलगायतका जिल्लामा जग्गा अधिग्रहण, स्थानीयको अवरोधलगायतमा विषयमा नेपाली पक्षको गम्भीर ध्यानाकर्षण गराएको थियो । साथै, कोशी राजमार्ग निर्माणमा भइरहेको ढिलाइका कारण पावर ट्रान्सफर्मरलगायतका ठूला उपकरणहरु लैजान नसकिंदा निर्माण तालिका प्रभावित हुन सक्ने भएकोले राजमार्ग निर्माणमा सहजीकरण गरिदिन भारतीय पक्षले आग्रह गरेको थियो ।

नेपाली पक्षले समस्या समाधान गरी तोकिएकै समयमा आयोजना निर्माण सम्पन्न गर्ने वातावरण निर्माणका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ । आयोजनाको निर्माण मार्च २०२४भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

कटैया (बिहार) (कुशाहा (नेपाल) १३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट मार्च २०२३भित्र निर्माण सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फ पर्ने लाइन भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्ने छ । रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट अप्रिल/मे २०२३मा निर्माण सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फ पर्ने लाइन भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्ने छ ।

नेपाल र भारतको उत्तर प्रदेश जोड्ने मैनहियारसम्पत्तिया १३२ केभी डबल सर्किट प्रसारण लाइनलाई जोड्न भारतको सम्पत्तिया (न्यू नौतनुवा) सबस्टेसनमा गर्नु पर्ने आवश्यक काम सेप्टेम्बर २०२३भित्र सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फको सबस्टेसनको काम भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्ने छ ।

यसैगरी, नानपारा (भारत) (कोहलपुर १३२ केभी डबल सर्किट प्रसारण लाइन जनवरी २०२४ भित्र निर्माण सम्पन्न गर्ने निर्णय भएको छ । भारततर्फ पर्ने लाइन भारत आफैंले आफ्नो खर्चमा निर्माण गर्ने छ ।

नेपालमा सौर्य लगायतका ऊर्जा क्षेत्रमा परामर्श सेवा तथा क्षमता अभिवृद्धि उपलब्ध गराउन भारतको एनटिपिसीसँग समझदारी पत्रमा छिट्टै हस्ताक्षर हुने भएको छ । बैठकमा हरित हाड्रोजनको क्षेत्रमा द्विपक्षीय सहयोग गर्ने निर्णय भएको छ । संयुक्त निर्देशक समितिको ११ औं बैठक ६ महिनापछि चितवनमा बस्ने निर्णय भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मानव अधिकार उलंघनका घटनाबाट एक हजार जना पीडित

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/सन् २०२२ मा मानव अधिकार उलंघन र ज्यादतीका घटनाबाट एक हजार ४ सय २५ जना पीडित भएका छन् ।

आइतबार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लेसार्वजनि गरेको तथ्यांकअनुसार सन् २०२२ मा बागमती प्रदेशमा एक हजार ४ सय २५ जना पीडित भएको पाइएको हो । इन्सेकले मानव अधिकार उलंघनका घटनामा राज्य पक्षबाट ३४ जना महिला र ३ सय ४१ पुरुष गरी ३ सय ७५ जना पीडित भएको जनाएको छ ।

ज्यादतीका घटनामा अन्य पक्षबाट ८ सय ७७ जना महिला, १ सय ७२ जना पुरुष र १ जना यौनिक अल्पसंख्यकसहित १ हजार ५० जना पीडित भएको उल्लेख गरेको छ । सोही अवधिमा राज्यपक्षबाट भएका मानव अधिकार उलंघन अन्तर्गत कारागारमा रहेका ४ जना महिला र ४१ पुरुष गरी ४५ जनाको स्वास्थ्य समस्या लगायत विभिन्न कारणले मृत्यु भएको इन्सेक बागमती प्रदेशका संयोजक गणेश भण्डारीले जानकारी दिए ।




यसैगरी कुटपिटका घटनामा ४ जना, गिरफ्तारीका घटनामा ३८ जना, यातनाका घटनामा ४ जना, भेला तथा संगठित हुने अधिकारमा ३० जना महिला र २ सय ४५ जना पुरुष गरी २ सय ५५ जना पीडित भएको उनको भनाई छ । इन्सेकका तथ्यांकअनुसार सन् २०२२ मा महिला अधिकार उल्ङ्घनका घटनामा ४ सय ३४ जना महिला पीडित भएका थिए ।

यस वर्ष बेचबिखनका घटनामा १३ जना, घरेलु हिंसाका घटनामा ९० जना, कथित बोक्सीको आरोपमा ३ जना, बलात्कारका घटनामा १ सय ७१ जना, बलात्कार प्रयासका घटनामा ३५ जना र यौन दुर्व्यवहारको घटनामा १७ जना महिला पीडित भएका छन् । यस्तै, बाल अधिकार उल्लैनका घटनामा ४ सय २ जना पीडित भएका छन् ।

# राष्ट्रपति रनिङ शिल्डको उपाधि बुद्ध माविलाई

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/१३ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि बुद्ध माविले उचालेको छ ।

बकैया गाउँपालिकाको यो उपाधीसँगै लगातार ३ पटक प्रथम स्थान हासिल गर्न सफल भएको छ । बुद्ध माविले ११ औं, १२ औं, र १३ औं, जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्डमा प्रथम हुँदै ह्याट्रिक गरेको छ । आइतबार हेटौंडा उपमहानगर पालिका मेयर मिनाकुमारी लामाले बुद्ध माविलाई रनिङ शिल्ड हस्तान्तरण गरिन् ।




शनिबार र आइतबार दुई दिन भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा बुद्ध माविले १० स्वर्ण ३ रजत र ४ कास्य जितेको छ । त्यसैगरी ३ स्वर्ण, ६ रजत र ३ कास्यसहित हेटौंडाको जनप्रिय माध्यमिक विद्यालय द्वितीय भएको छ भने ३ स्वर्ण, ४ रजत र २ कास्यसहित जनकल्याण मावि तेस्रो भएको छ । गत १२ औं जिल्लास्तरीय राष्ट्रपति प्रतियोगितामा जनकल्याण मावि दोस्रो भएको थियो भने जनप्रिय मावि तेस्रो स्थान हासिल गर्न सफल भएको थियो ।

प्रतियोगितामा एथलेटिक्स, भलिभल, करातँ, हाईजम्प, लङजम्प त्रिपलजम्प, सटफूटलगायतका विभिन्न विधिका खेल छात्र/छात्रा दुवैतर्फ खेलाइएको जिल्ला खेलकुद विकास समिति मकवानपुरले जनाएको छ । राष्ट्रपति रनिङ शिल्डमा विजेता बनेका खेलाडीहरुले बागमती प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका सहभागीता जनाउने छन् । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका मेयर मिनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । जिल्ला खेलकुद विकास समिति मकवानपुरसँग छलफल गरी प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी जनाउने खेलाडीलाई आवश्यक सहयोग गरिने मेयर लामाले बताइन् । हेटौंडा उपमहानगरपालिका वडा नम्वर ११ का अध्यक्ष जुना दहाल, जिल्ला खेलकुद विकास समिति मकवानपुरका कार्यालय प्रमुख माधव कोइरालालगायतको आतिथ्यता रहेको थियो ।

# ‘फूलबारी’लाई दर्शकको साथ

काठमाडौं/शुक्रबारबाट नेपालमा प्रदर्शन थालेको रामबाबु गुरुङ निर्देशित फिल्म ‘फूलबारी’ले घरेलू बक्सअफिसमा सुखद कमाई गरिरहेको छ । प्रदर्शनको पहिलो दिन दिवा शोबाट ‘पिकअप’ लिएको फिल्मले शनिबार महाशिवरात्रीको विदामा देशभर लगभग हाउसफुल दर्शकको साथ पाएको थियो । बलियो ‘वर्ड अफ माउथ’का कारण आइतबार पनि हलहरुमा दर्शकको चाप सुखद देखिएको छ ।

नेपालमा फिल्मले हिटको संकेत गरेपछि विदेशमा डिमान्ड चुलिएको छ । यसबीच, फिल्मको पहिलो विदेश प्रदर्शन अष्ट्रेलियाबाट हुने भएको छ । महंगो मूल्यमा अष्ट्रेलिया प्रदर्शन अधिकार लिएको नेपोज एजुकेसन एण्ड भिसा सर्भिसेस र एस पिपुल एण्ड भिसा सर्भिसेसले यही फेब्रअरी २५ र २६ तारिखका दिन फिल्मको प्रदर्शन सिड्नीको बैक्स टाउनस्थित होयत्स सिनेमा हलमा गर्दैछ ।

अष्ट्रेलिया वितरक रोशन भट्टराई र विनोद पौडेलले ‘फूलबारी’ १९ फेब्रअरीका दिन क्यानभरामा, २० र २२ फेब्रअरीका दिन डार्बिन र एडिलेटमा र २२ फ्रेबुअरीका दिन मेलबर्नमा प्रदर्शन हुने जानकारी दिए । यसपछि तास्मनिया, ब्रिसबेन र पर्थमा फिल्म प्रदर्शन गर्ने तयारी गरिएको छ । नेपालमा मिलेको सकारात्मक प्रतिक्रियाको प्रभाव अष्ट्रेलियाको शोमा पर्ने विश्वास वितरक कम्पनीको छ ।

पारिवारिक कथावस्तुमा बनेको फिल्ममा विपिन कार्की, अरुणा कार्की, दयाहाङ राई, प्रियंका कार्की, शिल्पा मास्के, अनुपम शर्मा, मनिष ढकाल, सोमनाथ खनाल, लोकेन्द्र लेखक, साक्षी गुरुङ, गौमाया गुरुङ, रुजा राउत, रुपेश दाहाल, सुमित्रा गोम्जा, कायरा कार्कीलगायतको अभिनय छ । रामबाबुद्वारा निर्देशित पछिल्लो फिल्म ‘कबड्डी ४’ले अष्ट्रेलियामा ‘रेकर्ड ब्रेक’ कमाई गरेको थियो ।

# प्रचण्डसँग सहमति गरिहाल्ने हतारोमा कांग्रेस

काठमाडौं/राष्ट्रपतिको निर्वाचन नजिकिँदै गर्दा नेपाली कांग्रेसका नेताहरुको बालुवाटार दौडधुप बाक्लिएको छ । कांग्रेस सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, नेता कृष्ण सिटौला र महामन्त्री गगनकुमार थापाले आइतबार साँझ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेका छन् ।

यसअघि शनिबार मात्र पूर्व उपसभापति विमलेन्द्र निधिले भेटेका थिए भने अरु नेताहरुले पनि भेटिरहेका छन् ।

माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड पनि सत्ता सहयात्री नेकपा एमालेका अध्यक्ष केपी शर्माओलीभन्दा कांग्रेस नेताहरुसँग बढी खुल्ने गरेका छन् ।

प्रचण्डको एमाले अध्यक्ष ओलीसँग भेट त निरन्तर भइरहेको छ । तर राष्ट्रपतिबारे कुनै सहमति हुन सकेको छैन । ओलीले १० पुसको सहमति सम्झाउने गरेका छन् भने प्रचण्डले २६ पुसमा कांग्रेसले विश्वासको मत दिएपछि परिस्थिति फेरिएको तर्क गर्ने गरेका छन् ।

स्रोतका अनुसार राष्ट्रपतिका सन्दर्भमा दुई नेताले कुनै ठोस प्रस्ताव अघि सारेका छैनन् । ओलीको आशंका छ, पार्टीको तर्फबाट राष्ट्रपतिको उम्मेदवार अघि सार्ने हो भने प्रचण्ड कांग्रेसतिर जान्छन् । त्यसैले अन्तिमसम्म इन्गेज गरिर ाख्न चाहन्छन् उनी । आइतबार विराटनगर विमानस्थलमा सञ्चार कर्मीहरुसँग कुरा गर्दै ओलीले राष्ट्रपतिको उम्मेदवार (उम्मेदवारी दर्ता गर्ने दिन) १३ गते मात्र थाहा हुने बताएका छन् ।

प्रधानमन्त्री प्रचण्डलाई भने यसले थप शशंकीत बनाएको छ । सभामुखमा जस्तै ओलीले अन्तिम समयमा आफ्नो विश्वास पात्रलाई अघि सार्ने र अर्को विकल्पबारे छलफल नै गर्ने अवसर समेत नपाउने उनको चिन्ता छ । नेताहरुका अनुसार अहिलेको अवस्था भनेको ओलीप्रति प्रचण्डको अविश्वास बढ्दो छ, तर सहकार्य पनि टुटिसकेको छैन ।

कांग्रेस नेताहरु भने यही बेला प्रचण्डसँग ‘डिल’ गर्न चाहन्छन् । ‘प्रधानमन्त्रीसँग नेताहरुको निरन्तर सम्वाद भइरहेको छ,’ एक पदाधिकारी भन्छन्, ‘माओवादीसँग सहकार्यको विषय टुंगिने क्रममा छ । हामी सकेसम्म छिट्टै टुंग्याउन चाहन्छौं ।’

नेताहरुका अनुसार कांग्रेसलाई राष्ट्रपति दिन प्रचण्ड सहमत देखिएका छन् । तर उनका केही आशंका छ । राष्ट्रपति लिएपछि कांग्रेसले फेरि दुई ठूला दल मिलनुपर्छ भनेर एमालेसँग सहकार्य त थाल्ने होइन भन्ने उनको आशंका छ ।

प्रचण्डलाई आशंका नहोस् भनेर कांग्रेस शीर्ष नेताहरुले एमाले नेतृत्वसँग भेटवार्ता गरेका छैनन् । प्रचण्डलाई भेटेका नेताहरुका अनुसार यो आशंकालाई धेरै हदसम्म निवारण गरिएको छ । यसका लागि संस्थागत रुपमा समझदारी गर्न तयार रहेको सन्देश कांग्रेस नेताहरुले दिएका छन् । नेताहरुका अनुसार ३ वर्ष प्रचण्ड प्रधानमन्त्री हुने र बाँकी २ वर्ष कांग्रेसले सरकारको नेतृत्व गर्ने समझदारी जस्तै छ । यदि प्रचण्डले चाहने हो भने ५ वर्ष सरकारको नेतृत्व दिन समेत पार्टी तयार हुनुपर्ने मत कांग्रेसमा बलियो बनेको छ ।

प्रधानमन्त्री प्रचण्डको अर्को त्रास छिमेकी भारतको संस्थापन पक्षले असहयोग गर्ने त होइन भन्ने छ । नेताहरुका अनुसार, चुनावपछि आफूलाई प्रधानमन्त्री स्वीकार नगर्नुमा कांग्रेस र त्यसका सभापति शेरबहादुर देउवा मात्र होइनन् भन्ने प्रचण्डको बुझाइ थियो । त्यसैले भोलिका दिनमा पनि भारतले आफ्नो सरकारलाई असहयोग गर्ने उनको त्रास छ ।

भारतीय विदेश सचिव विनयमोहन क्वात्राको भ्रमणले प्रचण्डको यो आशंकालाई धेरै हदसम्म निवारण गरेको बताउँछन् कांग्रेस र माओवादीका नेताहरु । नेपालका लागि राजदूत रहिसकेका क्वात्रा कांग्रेस-माओवादी गठबन्धनका पक्षपाती मानिन्छन् । भ्रमणका क्रममा उनले आफूहरु कांग्रेस-माओवादी गठबन्धनकै पक्षमा रहेको सन्देश दिएको स्रोतको दाबी छ । १ फागुनमा काठमाडौं आएका उनले दुई दिने बसाईमा गरेको राजनीतिक भेटघाटले पनि त्यही संकेत गर्छ । उनले कांग्रेसका बालकृष्ण खाँणदेखि मधेस केन्द्रित दलका सबै नेताहरुलाई प्राथमिकताका साथ भेटे । तर संसदमा भएको चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी र पाँचौं दल राप्रपाका नेतृत्वलाई भेटेनन् ।

एमाले अध्यक्ष ओलीप्रति कायम अविश्वास, कांग्रेस नेताहरुसँग निरन्तर चलिरहेको वार्ता र भारतीय विदेश सचिवको भ्रमणपछि प्रचण्ड, कांग्रेसतिर ढल्किँदै गएको आभाव आफूहरुलाई पनि हुन थालेको माओवादी नेताहरु बताउँछन् ।

तर कांग्रेससँग दिर्घकालीन सहकार्य हुन नसक्ने भएकाले वामपन्थी आन्दोलनसँग जोडिएको व्यक्तिलाई राष्ट्रपति बनाएर एमाले र माओवादी गठबन्धन जोगाउनुपर्ने दबाव माओवादीमा छ । यदि एमाले अध्यक्ष ओली त्यसमा तयार भइहाल्ने हो भने हुनै लागेको सहमति भाँडिनसक्ने कांग्रेस नेताहरुको बुझाइ छ । त्यसैले कांग्रेस नेताहरु प्रचण्डलाई सहमत गराएर राष्ट्रपतिको उम्मेदवार केही दिनमै टुंग्याउन चाहन्छन् ।

आइतबार भएको भेटमा सहभागी वरिष्ठ नेता पौडेलका अनुसार राष्ट्रपतिमा सघाउन गरेको आग्रह प्रधानमन्त्री प्रचण्ड सकारात्मक छन् । प्रधानमन्त्रीले पार्टीमा छलफल गर्ने बचन दिएको भन्दै उनले भने, एकदुई दिनमा टुंगो लाग्छ होला ।’

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

“तपाई, हामी सबैको कुरा”
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# बागमती सरकारको सामुहिक खेतीको करोठौं लगानी बालुवामा पानी

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/बागमती प्रदेश सरकारले विगतमा सामुहिक खेतीका लागि उपलब्ध गराएको करोडौं लगानी बालुवामा पानी हाले सरह भएको छ ।



प्रदेशका विभिन्न जिल्लाहरुमा सामुहिक खेतीका लागि भनेर प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विगतमा करोडौं रुपैयाँ लगानी गरेको थियो । अन्नबाली, तरकारी खेती, पशुपालन, माछापालन र कृषि पर्यटनको नाममा प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्र चितवन, कृषि विकास निर्देशनालय हेटौंडा र माडी नगरपालिकासमेतले रकम उपलब्ध गराएका थिए । चितवनको माडीमा कान्तिपुर सामुहिक खेती गर्ने भन्दै २०७५ सालमा बागमती प्रदेश सरकारसहितको सहयोगमा ५ करोड रुपैया भन्दा बढी लगानी भएको हो । तर अहिले त्यहाँ न कुनै खेती छ, न त करोडौं खर्चेर ल्याईएको कृषि सामग्री समेत बेवारिशे भएका छन् ।

माछा पालन, ४६ वटा होम स्टे र १ सय विगाहामा सामुहिक खेतीका लागि कान्तिपुर सामुहिक खेती समूहलाई रकम उपलब्ध गराइएको थियो । राज्यको करोडौं रकम बालुवामा पानी खनाए झैं भएको छ । सामुहिक खेती गर्न कम्बाइण्ड हार्बेस्टर, ट्र्याक्टर, मिनि ट्रेलर, कल्टि भेटर, कर्नट्रेलर, थ्रेसर लगायतका कृषि उपकरणहरु दिइएको थियो । ती उपकरणहरु अहिले खिया लागेर नष्ट हुने क्रममा पुगेका छन् । पहिलो वर्ष प्रयोगमा ल्याइएका ती उपकरण त्यसपछि सञ्चालन हुन सकेका छैनन् ।

पशुपालन गर्ने भनिएकोमा त्यहाँ अहिले सामुहिक पशुपालन छैन । पहिलो वर्ष सामुहिक पशुपालन गरे झैं गरेर सहकारीले रकम भुक्तानी लिएपछि सबै पशुहरु बेचेर पशुपालन नै बन्द गरिएको छ । चक्लाबन्दी गरेर सामुहिक रुपमा अन्नबाली र तरकारी खेती गर्ने भनिएकोमा आधाजसो जग्गा बाँझै छ । चक्लाबन्दी गर्ने भनिएको ठाउँ गौचरणमा परिणत हुँदै गएको देखिन्छ । तरकारी खेतीका लागि बनाइएका टनेलहरु हावाले उडाएर बिजोग अवस्थामा छन् । त्यसको मर्मत गर्ने जिम्मा सहकारीको भए पनि मर्मत गरिएको छैन ।

करोडौं लगानी डुब्दा पनि स्थानीय सरकार भने बचाउमा लागेको छ । काठको अभाव र समुदायले लगानी गर्न नसक्दा यस्तो अवस्था आएको नगरपालिकाको भनाई छ । माछापालनका लागि २० वटा पोखरी सबै सुकेका छन् । पोखरीका डिलहरु जंगलमा परिणत भइसकेको छ । अहिले आफैआफै खेती गर्न थालेको किसानहरु बताउँछन् । समुदायका तर्फबाट उठाउनु पर्ने रकम समयमा उठाउन नसक्दा काम भनेअनुसार हुन नसकेको नगरपालिकाले बताएको छ । तर खेती बाँझै रहेका, किसानहरुले आ-आफ्नै तरिकाले खेती गरिरहेको कुरामा नगरपालिकाले स्पष्ट जवाफ दिन सकेन ।

प्रदेश सरकारले करोडौं लगानी गरेको सिन्धुलीमा पनि अवस्था उस्तै छ । सिन्धुलीको दुधौली नगरपालिका २ को सामुहिक खेतिमा पनि किसानले छुट्टाछुटै खेती गरेका छन् । १ सय २१ विगाहामा सामुहिक प्रणालीबाट खेति गर्ने भन्दै विभिन्न शीर्षकमा ५ करोड अनुदान दिइएको थियो । नाम मात्रको सामुहिक खेतीमा अहिले सबैले छुट्टाछुटै खेती गरेका छन् । बागमती प्रदेश सरकारको ३ करोड ८२ लाख लगानीमा सामुहिक बेमौसमी तरकारी, धान, मकै, गहुँ, दलहन र तेलहन लगाइने योजना बनाइएको थियो । तर अनुदानको रकमबाट लगानी भएका ट्रेक्टरहरु सबै नगरपालिकालाई समूहले जिम्मा लगाउने भएको छ ।

चितवन र सिन्धुली दुवै जिल्लामा बेग्लाबेग्लै मितिमा तत्कालिन कार्यालय प्रमुख रहेका राजन ढकालले आवश्यकता छनौट र योजना गलत गर्नाले सरकारको रकम डुबेको कृषि ज्ञान केन्द्रले स्वीकार गरेको छ । आफूहरु यसलाई सुधार गर्ने कृषि ज्ञान केन्द्रले घुमाउरो जवाफ दिएको छ । सरकारी संयन्त्रले विना योजना राज्य कोषको रकम कसरी डुबाउँछन् भन्ने गतिलो उदाहरण सिन्धुली र चितवनमा देखिएको छ ।

## ८ लाख भेडाबाख्रालाई पीपीआर रोग विरुद्धको खोप

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशको ८ लाख ३३ हजार १ सय ८९ भेडाबाख्रालाई पीपीआर रोग विरुद्धको खोप लगाइएको छ ।

प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रदेश भित्रका ८ लाख ३३ हजार १ सय ८९ भेडाबाख्रालाई पीपीआर रोग विरुद्धको खोप लगाएको हो । पीपीआर रोगविरुद्धको सप्ताहव्यापी खोप अभियानअन्तर्गत शनिबार सम्म मन्त्रालयले प्रदेशका ४ हजार २६४ वटा भेडा र ८ लाख २८ हजार ९२५ वटा बाख्रालाई गरि जम्मा ८ लाख ३३ हजार १८९ वटा भेडाबाख्रालाई पीपीआर रोग विरुद्धको खोप लगाइएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सुचना अधिकारी अनुप अधिकारीले फागुन १ गतेदेखि सुरु भएको सप्ताहव्यापी खोप अभियानअन्तर्गत प्रदेशका १३ वटा जिल्लाका किसानले पालेका भेडाबाख्रालाई पीपीआर रोगविरुद्ध खोप लगाइएको जानकारी दिए ।

खोप कार्यक्रम ४ सय २५ जना भ्याक्सिनेटर र १ हजार २ सय ४४ खोप केन्द्रबाट सञ्चालन भएको उनले बताए । अभियान बाहेक अन्य समयमा समेत मन्त्रालयले भेडाबाख्रालाई उक्त खोप लगाउँदै आएको छ । पीपीआर भेडाबाख्रामा विषाणुबाट लाग्ने संक्रामक रोग हो । यसलाई भेडाबाख्राको हैजा पनि भनिन्छ । नेपालमा पीपीआर रोगका कारण बर्सेनी भेडाबाखा मरेर कृषकहरूले ठूलो आर्थिक हानि बेहोर्नुपरेको छ । यस्तो अवस्था आउन नदिनका लागि खोप अभियान सञ्चालनमा ल्याइएको मन्त्रालयले जनाएको छ । अफ्रिकी देशबाट सुरु भएको यो रोग नेपालमा पनि सबैजसो जिल्लामा देखापरेको छ ।

मकवानपुर गोल्डकप:

# मनाङ उपाधि नजिक

साझाकुरा संवाददाता



हेटौंडा, ७ फागुन/ मनाङ मर्स्याङ्दी क्लब हेटौंडामा जारी स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकपको फाइनल प्रवेश गरेको छ ।

पिप्लेक्याम्पा रंगशालामा आइतबार भएको पहिलो सेमिफाइनल खेलमा मनाङले नेपाल एपीएफ क्लबलाई पेनाल्टी सुटआउटमा हराउँदै उपाधि नजिक पुगेको हो । मनाङले अब उपाधिका लागि आज सोमबार हुने क्यामरुनी टोली एभिनियर एसफी र हिमालयन शेर्पाबीचको विजेतासँग १० फागुनमा फाइनल खेल्नेछ । निर्धारित समयमा गोलरहित बराबरी खेलेपछि मनाङले एपीएफविरुद्ध ४-२ गोलले पेनाल्टी सुटआउटबाट विजय हासिल गरेको हो । मनाङको जितमा सरोज योञ्जन लामा, भिषण गुरुङ, उज्वेकिस्तानका खेलाडी सिडजामोल डेबुलेशन, आशिष गुरुङले गोल गरे । एपीएफका लागि सुरुवाती दुई प्रहार नवीन लामा र सुदीप शिखाकारले गोल गरे ।

एपीएफको एक प्रहार क्रस बारमा लागेर आकाशियो भने अन्तिम प्रहारलाई राष्ट्रिय टिमका सदस्यसमेत रहेका मनाङका गोलरक्षक समेत दिप कार्कीले रोकेका थिए । सनिष श्रेष्ठको प्रहार क्रस बारमा लागेर बाहिरिएको थियो । मानबहादुर रानाको प्रहारलाई कार्कीले डाइफ हान्दै रोकेपछि मनाङ मकवानपुर गोल्डकपको फाइनल प्रवेश गरेको हो । निर्धारित ९० मिनेटभित्र एपीएफ मनाङमाथि हावी देखिएको थियो । एपीएफ र मनाङका थुप्रै प्रहार गोलमा परिणत हुन सकेन् । खेलको २७ औं मिनेटमा मनाङका रोशन राना मगरले हानेको फ्रिकिक क्रस बारमा लागेर फर्किएको अवस्थामा एपीएफका गोलरक्षक राजु नगर कोटीले समाते ।

खेलमा मनाङका गोलरक्षक कार्की म्यान अफी दी म्याच चुनिएका छन् । उनले नगद १० हजार रुपैयाँ पाए । मनाङले क्याटरफाइनल खेलमा आयोजक मकवानपुर-११ लाई हराएको थियो भने एपीएफले डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मीलाई पेनाल्टी सुटआउटमै रोकेको थियो । प्रतियोगिताअन्तर्गत् आज सोमबार हिमालयन शेर्पा र क्यामरुनी टोली एभिनियर एफसीबीच प्रतिस्पर्धा हुँदैछ । एभिनियर एफसीले बिरगञ्ज युनाइनेटलाई हराएको थियो भने हिमालय शेर्पाले फ्रेण्डस् क्लब काठमाडौंलाई पराजित गरेको थियो ।

जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटरसाइकल पाउने छन् । १० फागुनमा गोल्डकपको फाइनल खेल हुँदैन् । समापनमा पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आउने संघका अध्यक्ष टिकाराम लामाले जानकारी दिए ।

## 'समुन्नत राष्ट्र निर्माण अहिलेको प्राथमिकता'

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले समुन्नत राष्ट्र अहिलेको प्राथमिकतामा रहेको बताएका छन् ।

शर्माले आइतबार प्रजातन्त्र दिवसका अबसरमा शुभकामना सन्देश जारी गर्दै समुन्नत राष्ट्र निर्माण गर्ने कार्यमा प्रतिबद्ध रहन प्रण गर्ने दिनका रुपमा दिवसलाई सम्झन सबैमा अनुरोध पनि गरेका छन् । उनले ऐतिहासिक सन्दर्भलाई विगतप्रति गौरब वोध गर्दै समुन्नत राष्ट्र निर्माण गर्ने कार्यमा लाग्नुपर्नेमा जोड दिए । लोकतन्त्रको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास तथा समृद्धि हासिल गर्नका लागि सबैलाई राष्ट्रिय प्रजातन्त्र दिवसले प्रेरणा प्रदान गरोस् भन्ने कामना उनले गरेका छन् । प्रजातन्त्र स्थापनापश्चात् देशमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न समयमा भएका ऐतिहासिक आन्दोलनमा संघीय, त्याग तथा बलिदान गर्ने सहिदहरुप्रति उच्च सम्मान अर्पण गरेका छन् ।

## रेडियो थाहासञ्चारको सप्ताहव्यापी कार्यक्रम समापन

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बिन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेघाहर्ज हेटौंडाको वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम समापन भएको छ ।

रेडियोले १५ वर्ष पुरा गरि १६ औ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा आयोजित सप्ताहव्यपी कार्यक्रमको आईतबार समापन गरिएको हो । रेडियोले वार्षिकोत्सवको अवसरमा फागुन १ गतेबाट सुरु गरेको साताव्यापी कार्यक्रमको आईतबार समापन गरेको छ । समापन कार्यक्रम बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री एकलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथी श्रेष्ठले रेडियो आवाज बिहिनहरुको आवाज बनेर काम गरि रहेको भन्दै आगामी दिनहरुमा राज्यको सेवाबाट बन्चित भएकाहरुका पक्षमा आवाज बनिदिन आग्रह गरे । मन्त्री श्रेष्ठले मुलुक निर्माणको चरणमा रहेको बताउँदै प्रदेश सरकारले जनताले अनुभूति गर्ने गरी जनतालाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिवद्धता व्यक्त गरे । श्रेष्ठले आफुले पाएको मन्त्रालयको जिम्मेवारी अन्तर्गत श्रमिक, युवाहरुलाई रोजगार तथा यातायातमा देखिएको विकृतीहरुलाई मध्यनजर गर्दै धेरै योजनाहरु अगाडि सारेको जानकारी दिए । उनले आफुले श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाए लगत्तै सवारी साधनको अनुमति पत्र लिन १०० प्रतिशत ल्याउनुपर्ने व्यवस्था हटाएर ७० प्रतिशत पुर्णाक ल्याए पास हुने व्यवस्था ल्याएको बताउँदै प्रदेश सरकारमा रहेर आफूले प्रदेशको राजधानी हेटौंडालाई सुविधा सम्पन्न बनाउने योजना तयार पारेको उल्लेख गरे । साथै उनले हेटौंडाबाट प्रदेशका सबै जिल्लासम्म जोडिने यातायात सेवा स्थापित गर्ने प्रयास भइरहेको बताए ।

यसैगरी, कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माले मुलुक परिवर्तनको लागि नागरिकमा खुशी ल्याउने काम रेडियोले गरेको बताए । शर्माले रेडियो थाहाको फरक पहिचान भएको बताउँदै आगामी दिनमा पनि सशक्त भूमिका खेल्न शुभकामना व्यक्त गरे । त्यस्तै, जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख (एसपी) बामदेव गौतमले समाजमा हुने विकृती विसंगतीहरु रोक्न रेडियोले महत्वपुर्ण भूमिका खेलिरहेको बताए ।

कार्यक्रममा रेडियोका प्रवन्ध निर्देशक अरुणराज सुमार्गीले थाहाको काम नै थाहा पाउने भएको बताए । सुमार्गीले रेडियो थाहाले रुपचन्द्र विष्टको अभियान निष्पक्ष सक्रियाताको अभियास लाई रेडियो थाहाले बोकेर अगाडि बढेको बताए । उनले रुपचन्द्र विष्टले मकवानपुर जिल्लाबाट राजनिति र समाजिक रुपमा त्यसलाई प्रतिपापदन गरेको दर्शनलाई नेपालको समाजबाट निरन्तर त्यसको बाटोमा हिड्नुपर्ने बताए । यसैबीच रेडियो थाहा सञ्चार हेटौंडाले १५ औं वार्षिकोत्सवको अवसरमा समाजसेवी सिद्धिलाल श्रेष्ठलाई थाहा वर्ष सम्मान गरेको छ । स्वास्थ्य, शिक्षा तथा समाजसेवामा अतुलनीय योगदान गर्दै आएका समाजसेवी श्रेष्ठलाई समाजका लागि पुर्याएको योगदानको उच्च कदर गर्दै मन्त्री श्रेष्ठले सम्मानपत्र हस्तान्तरण गरे ।

सम्मानपछि समाजसेवी सिद्धिलाल श्रेष्ठले समाजसेवामा पनि प्रतिस्पर्धा हुनुपर्ने बताए । आफ्नो सामाजिक सेवाको कर्मलाई सञ्चार माध्यमले प्रस्तुत गरिदिएकै कारण निरन्तर सामाजिक सेवाको क्षेत्रमा सक्रिय रहन प्रेरणा मिलेको पनि श्रेष्ठले बताए । रेडियो थाहाले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको साताव्यापी कार्यक्रमअन्तरगत फागुन १ गते पहिलो दिन रेडियो परिसर सरसफाई, फागुन २ गते स्रोता मिलन कार्यक्रम, फागुन ३ गते 'सम्झनामा रुपचन्द्र विष्ट' विषयक अर्न्तक्रिया कार्यक्रम, फागुन ४ गते रक्तदान कार्यक्रम, फागुन ५ गते 'सवारी दुर्घटना र यातायात व्यवस्थापन' विषयमा सरोकारवालाहरु बीच अन्तरक्रिया र फागुन ६ गते मकवानपुरे सञ्चारकर्मीबीच घैटौं फुटाई प्रतियोगिता सम्पन्न गर्दै फागुन ७ गते १५ औं वार्षिकोत्सव समापन गरेको छ ।

## हेटौंडा अस्पताल उद्घाटनमा राष्ट्रपति आउने तय

साझाकुरा संवाददाता




हेटौंडा, ७ फागुन/राष्ट्रपति विद्यादेवी भण्डारी औपचारिक कार्यक्रममा सहभागी हुन चार वर्षपछि मंगलबार हेटौंडा आउने भएकी छन् ।

प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालको नवनिर्मित भवन उद्घाटनका लागि राष्ट्रिपति भण्डारी आउने तय भएको प्रतिष्ठानले जानकारी दिएको छ । राष्ट्रिपति भण्डारी औपचारिक कार्यक्रमका लागि चार वर्षअघि मकवानपुर आएकी थिइन् । १० माघ २०७५ मा भण्डारीले मकवानपुरगढी दरबारमा २५६ औं विजय उत्सवको उद्घाटन गरेकी थिइन् । त्यस यता भण्डारी औपचारिक कार्यक्रममा सहभागी हुन आएकी थिइनन् । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आइतबार पत्रकार सम्मेलन गर्दै राष्ट्रपति भण्डारी आउने कार्यक्रमको तयारी तीव्र पारिएको जानकारी दिएको थियो ।

कार्यक्रमको तयारी अन्तिम चरणमा पुऱ्याइएको प्रतिष्ठानका रजिष्टार राजेश प्रसाईले जानकारी दिए । प्रतिष्ठानका उपकुलपति विश्वराज जेशीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा प्रतिष्ठानका सदस्य उत्सब चौलागाईले सबैखालका तयारी तिव्र गरिएको र कार्यक्रम भव्य रुपमा सम्पन्न गरिने बताए । ९ फागुन मंगलबार बिहान उनी हेटौंडा आइपुग्ने जनाइएको छ । दिउसो औपचारिक कार्यक्रम समापन भएपछि उनी पुन: काठमाडौं फर्किने भएकी छन् । प्रतिष्ठानले ४३ करोड रुपैयाँ लागतमा अस्पतालको नवनिर्मित भवन निर्माण गरेको थियो । भवन निर्माणसँगै अस्पताललाई पुरानो भवनबाट सारिएको थियो ।

नयाँ भवन निर्माण भएसँगै हेटौंडा अस्पतालले आफ्ना सेवाहरु र जनशक्ति थप गरेर उपचारको कामलाई गुणस्तरिय बनाउँदै लगेको प्रसाईले बताए । अस्पतालको सेवालाई प्रभावकारी बनाउनका लागि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पतालका लागि कार्यालय सहयोगीदेखि डाक्टर सम्मका जनशक्ति उपलब्ध गराउने, उपचारका लागि विभिन्न प्रविधिहरु जडान गर्नेलगायतका काम गर्दै आएको छ ।





## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना